खण्ड- ९   संख्या- २     मिति : १३ असार, २०८२ साल

# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९    संख्या : २    मिति : १३ असार, २०८२ साल

## भाग- २

### गौरीगञ्ज गाउँपालिकाको सूचना

गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको कार्यविधि नं. २

खण्ड- ९ संख्या- २ मिति : १३ असार, २०८२ साल

# गौरीगञ्ज गाउँपालिका

# अभिभावकविहीन बालवालिका र वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका सन्ततिका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०२/३०

## प्रस्तावना :

अभिभावकविहीन बालबालिका र वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका सन्ततिका लागि शैक्षिक पहुँचमा अभिवृद्धि गर्न छात्रवृत्ति वितरण कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गौरीगञ्ज गाउँपालिका स्थानीय शिक्षा ऐन, २०७५ को दफा १६ को उपदफा (४) (र) को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अभिभावकविहीन बालवालिका र वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका सन्ततिका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अभिभावकविहीन बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गौरीगञ्ज गाउँपालिकाभित्र स्थायी बसोबास भएका बालबालिका सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

**(ग)** "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "सामाजिक विकास समिति" भन्नाले गौरीगञ्ज गाउँपालिकाको सामाजिक विकास समिति लाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा अधिकृत सम्झनुपर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनुपर्छ ।

(झ) **"शाखा"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) अभिभावकविहीन बालबालिकाको शिक्षामा पहुँच बढाउनु ।

(ख) गाउँपालिकाले अभिभावकविहीन बालबालिकाको अभिभावकत्व निर्वाह गर्नु ।

## परिच्छेद-२

## लाभग्राही समूह

४. **लाभग्राही समूह** : अभिभावकविहीन बालबालिका र वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका सन्ततिका लागि छात्रवृत्ति वितरण कार्यक्रम देहायबमोजिमका बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ :-

(क) आमा-बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा-बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ग) आमा-बाबु दुबैको मृत्यु भई आफन्तको (परिवारका अन्य सदस्यको) रेखदेखमा रहेका बालबालिका,

(घ) आमा-बाबुमध्ये एक जना वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका बालवालिकाका ।

**(ङ)** सङ्घीय सरकारको वैदेशिक रोजगार छात्रबृत्ति वा अन्य कुनै सरकारी निकायवाट प्रदान गरिने सोही प्रकृतिको कुनै छात्रवृत्ति वा आर्थिक सहयोग प्राप्त गर्ने विद्यार्थीले यो सुविधा दावी गर्न पाउने छैनन ।

**५. नगद अनुदानको दर :** लाभग्राहीलाई नगद अनुदान दिंदा प्रति वर्ष आधारभुत तहलाई बाह्र हजार रुपैयाँ र माध्यमिक तहलाई पन्ध्र हजार रुपैयाँ प्रतिविद्यार्थीका दरले निजको बैंक खातामा उपलब्ध गराइने छ ।

**६. आवेदन गर्नुपर्ने :** (१) आवेदन आव्हानको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

(२) सूचना प्रकाशन गरेको १५ दिनभित्र अनुसूची- १ बमोजिमको ढाँचामा लाभग्राहीले गाउँपालिकामा आवेदन दिनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्ने छ :-

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) बाबु/आमाको मृत्यु भएको अवस्थामा कसैको अभिभावकत्वमा बसेको भएमा अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) बाबु/आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अभिभावकको राहदानीको प्रतिलिपी,

(ङ) अध्ययनरत विद्यालय र वडा कार्यालयको सिफारिस ।

| सि. नं. | आवेदकको प्रकार | प्राथमिकीकरण | थप प्राथमिकीकरण |
|---|---|---|---|
| १ | आमा-बाबु दुवै गुमाई अरुको शरणमा रहेका बालबालिका | पहिलो | एकै प्रकारका आवेदक मध्येबाट छनौट गर्नुपरेमा निम्नानुसार बाललबालिकालाई प्रथमिकीकरण गर्नुपर्ने छ :-<br>(क) हाल बाल श्रमिकको रूपमा काम गरिरहेका बालबालिका<br>(ख) विद्यालय बाहिर रहेका बालबालिका<br>(ग) आफ्नो सम्पति नभएका बालबालिका |
| २ | आमा-बाबु दुवै गुमाई आफै घरमूली भएका बालबालिका | दोस्रो | |
| ३ | आमा-बाबु दुवै गुमाई आफन्तको रेखदेखमा रहेका बालबालिका | तेस्रो | |
| ४ | आमा वा बाबु मध्ये एकजना वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका अभिभावकका बालवालिकाका | चौथो | |

(४) उपदफा (३) बमोजिमको प्राथमिकीकरण गरी छनौट भएका बालबालिकाको नामावली सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचनाद्वारा जानकारी गराउनुपर्ने छ ।

## परिच्छेद- ३

## अनुदान रकमको वितरण रोक्का तथा उपयोग

७. **रकम वितरण र उपयोगः** (१) अनुदान रकम वार्षिक रुपमा वितरण गर्नुपर्ने छ ।

(२) अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले बालबालिकाको हितमा मात्र (जस्तै शिक्षा, ,स्वास्थ्य, खाना, कपडा, आदि) प्रयोग गर्नुपर्ने छ ।

८. **लगत कट्टा हुने अवस्था :** देहायको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको अभिलेखबाट कट्टा गरिने छ :-

(क) निज बसाइँ सरी गएमा,

(ख) निजले माध्यमिक तह पूरा गरेमा वा १८ वर्ष पूरा भएमा,

(ग) निजको बालविवाह भएमा,

(घ) निजको मृत्यु भएमा,

(ङ) बालवालिका स्वयंले आफूँले पाउने छात्रवृत्ति रकम नलिने भनी स्व:घोषणा गरेमा वा छात्रवृत्तिका लागि आवेदन नगरेमा।

९. **लाभग्राहीको मूल अभिलेख** : लाभग्राहीको मूल अभिलेख अनुसूची-२ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

## परिच्छेद- ३

## विविध

१०. **खारेजी र बचाउः** यस कार्यविधिको कुनै दफा प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ । यसअघि वितरण भएको छात्रवृत्ति रकम यसै कार्यविधिबमोजिम भएगरेको मानिने छ ।

अनुसूची -१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**अभिभावकविहीन बालवालिका र वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका बालवालिकाका सन्ततिका लागि छात्रवृत्ति वितरण आवेदन फारमको ढाँचा**

१. बालबालिकाको विवरणः

नाम थर.......................................................लिङ्ग....... ............उमेर ............

गाउँपालिका/नगरपालिका..........................................वडा नं.....

जिल्ला ............ प्रदेश ...............................

विद्यालय ......................................................... कक्षा ...........

स्वास्थ्य अवस्था ....................................................................

जन्म दर्ता भएको/नभएको ..........................

२. बाबुको विवरण :

(१) बाबुको नाम, थर ...........................................................

(२) बाबु नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अन्य .............

(३) मृत्यु भएको देश...........................

(४) अन्य भए खुलाउने ............................

३. आमाको विवरण :

(१) आमाको नाम, थर ...........................................................

(२) आमा नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य ..............

(३) मृत्यु भएको देश...........................

५. अभिभावक/संरक्षकको विवरणः

१. अभिभावक/संरक्षकको नाम, थर .............................................

२. पूरा ठेगाना ...................................................

३. अभिभावक//संरक्षकको नागरिकता प्रमाण पत्र नम्बर ..........................

६. वैदेशिक रोजगारी छात्रवृत्ति पाएको/नपाएको ..............................................

६. पारिवारिक विवरणः

| सि.नं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि**

**सामाजिक सुरक्षा कार्यक्रम लाभग्राहीको अभिलेख**

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

| लाभग्राही नम्वर | लाभग्राहीको नाम, थर | अध्ययन गर्ने भए विद्यालय | | अभिभावक/ संरक्षकको नाम, थर | अभिभावक/ संरक्षकको नागरिकता नम्बर | ठेगाना |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |

**आज्ञाले,**

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत